किस्पाङ गाउँपालिकाको साझेदारी कार्यक्रम सञ्चालन कार्यविधि, २०८०

स्वीकृत मिति-२०८०/१२/२६

प्रस्तावना

निजी तथा गैर सरकारी क्षेत्रसँगको साझेदारीको माध्यमबाट शिक्षा, स्वास्थ्य, कृषि, पशु विकास, रोजगारी, आयआर्जनको अवसर, पूर्वाधार निर्माण, विपत् व्यवस्थापन तथा जलवायु परिवर्तन, खानेपानी तथा सरसफाई, वन तथा वातावरण संरक्षण, संस्थागत विकास तथा सुशासन, सहकारी संस्थाहरुको सवलीकरण तथा स्थानीय उत्पादनको बजारीकरण लगायतका कार्यक्रमका लागि साझेदारीको माध्यमबाट सर्वसाधारणलाई भरपर्दो, किफायती र सर्वशुलभ रुपमा सेवा सुविधा उपलब्ध गराउने उद्देश्यले र सरकारी वा गैरसरकारी संघ संस्था वा निजी क्षेत्र र गाउँपालिकाबीच अल्पकालीन वा दीर्घकालीन योजनाहरु संचालन गर्ने "किस्पाङ गाउँपालिकाको साझेदारी कार्यक्रम संचालन तथा व्यवस्थापन सम्वन्धी ऐन २०८०" परिच्छेद ५ को दफा १३ को अधिनमा रही यो कार्यविधि तयार गरी लागू गरिएको छ ।

परिच्छेद -१

प्रारम्भिक

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ

१. यस कार्यविधिको नाम " किस्पाङ गाउँपालिकाको साझेदारी कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यविधि, २०८०" रहेको छ ।

२. यो कार्यविधि किस्पाङ गाउँपालिकाको क्षेत्र भित्र लागू हुनेछ ।

३. यो कार्यविधि गाउँ कार्यापालिकाबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अन्य अर्थ नलागेमा यस कार्यविधिमाः–

केदार प्रसाद खतिवडा
प्रमुख प्रशासकीय अधिकृत

विरबल तामाङ
अध्यक्ष

१. "कार्यविधि" भन्नाले किस्पाङ गाउँपालिकाको साझेदारी कार्यक्रम संचालन कार्यविधि, २०८० लाई सम्झनु पर्छ ।

२. "कार्यक्रम" भन्नाले साझेदारीमा कार्यक्रम संचालन तथा व्यवस्थापन गर्ने सम्बन्धी ऐन, २०८० को दफा ३ बमोजिम संचालन गरिने कार्यक्रम सम्झनुपर्छ ।

३. "अनुदान" भन्नाले उत्पादन, प्रशोधन, मूल्य श्रृखला, बजारीकरण, पूर्वाधार निर्माण, यान्त्रिकीकरण, विविधिकरण, व्यवसायीकरण, आधुनिकीकरण, औद्योगिकरण तथा गरिबी निवारण समेतका लागि छनौट भएका अनुदानग्राहीलाई प्रदान गरिने आर्थिक, वस्तुगत सहायता, पूर्वाधार विकास वा उपलब्ध गराइने सामग्री र उपकरण सम्झनुपर्दछ ।

४. "अनुदानग्राही" भन्नाले यस कार्यविधि अनुरुप छनौट भएर अनुदानसँग सम्बन्धित कुनै पनि सेवा सुविधा प्राप्त गर्ने लाभग्राही बुझिन्छ ।

परिच्छेद २

साझेदारी कार्यक्रमका क्षेत्र

३. साझेदारीमा कार्यक्रम संचालन हुने क्षेत्र देहायअनुसार हुनेछन्:–

क) शिक्षा

ख) स्वास्थ्य

ग) कृषि

घ) पशु विकास

ङ) भौतिक पुर्वाधार

च) विपद् व्यवस्थापन तथा जलवायु परिवर्तन

छ) खानेपानी तथा सरसफाई

ज) रोजगारी तथा स्वरोजगार सृजना

केदार प्रसाद खतिवडा
प्रमुख प्रशासकीय अधिकृत

चिरबल तामाङ
अध्यक्ष

CamScanner

झ) सामाजिक संरक्षण, पुनःस्थापना र सचेतना

ञ) वन तथा वातावरण संरक्षण

ट) संस्थागत विकास तथा सुशासन

ठ) साना किसानद्धारा प्रर्वद्धित सहकारी लगायतका संस्थाहरुको सवलीकरण

ड) स्थानीय उत्पादनको संकलन, प्रशोधन तथा बजारीकरण

परिच्छेद ३

४)साझेदार छनौट प्रक्रिया

साझेदार छनौट प्रक्रिया देहाय बमोजिम हुनेछन्:-

क) साझेदारीको लागि छनौट गरिएका कार्यक्रम वा योजनाको छनौट गरी गाउँसभा बाट स्वीकृत गर्नुपर्नेछ ।

ख) खुला रुपमा अनुसूची १ बमोजिमको आशयपत्र माग गरी संक्षिप्त सूची तयार गर्नु पर्नेः

१. वीस लाख देखि दश करोड रुपैयाँसम्म लागत अनुमान भएको साझेदारी कार्यक्रम गर्नु परेमा आशयपत्रदाता बीच प्रतिस्पर्धा गराई आशयपत्र माग गर्नुपर्नेछ । सो सम्बन्धि आशयपत्र संकलन गर्न कम्तीमा १५ दिनको अवधी दिई राष्ट्रियस्तरको समाचार पत्रमा सूचना प्रकाशन गर्नुपर्नेछ ।

२. दुई वा दुई भन्दा बढी व्यक्ति, फर्म, कम्पनी वा संघसंस्थाले समूह, संगठन वा संयुक्त उपक्रमको रुपमा आशयपत्र दाखिला गर्न सक्नेछन् । तर यसरी संयुक्त उपक्रम कायम गर्दा दोहोरो पर्ने गरी संयुक्त उपक्रम गर्न सकिने छैन ।

३. प्रथम पटकको सूचना वमोजिम आशयपत्रदाताको छनौट गर्दा कम्तीमा ३ वटा आशयपत्रदाता छनौट हुन नसकेमा गाउँपालिकाले पुनः राष्ट्रियस्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी १५ दिनको अवधी दिई आशयपत्र माग गर्नुपर्नेछ ।

केदार प्रसाद खतिवडा
प्रमुख प्रशासकीय अधिकृत

विरवल तामाङ
अध्यक्ष

CamScanner

४. दोस्रो पटक सूचना प्रकाशन गर्दा पनि कम्तिमा तीनवटा आशयपत्र छनौट हुन नसकेको खण्डमा भएका जति आशयपत्रदाताको मात्र सूची कायम गर्न सकिनेछ ।

५. आशयपत्रदाताले खुलाउनु पर्ने विवरणः

क.व्यक्ति, फर्म, कम्पनी तथा संघसंस्थाको विवरण, संगठन

ख. विगत सात वर्षमा काम गरेको समान प्रकृतिको काम र स्थानको विवरण । व्यक्तिगत आशयपत्रदाताको हकमा विगत चार वर्षमा समपन्न गरेको समान प्रकृतिको कामको विवरण ।

ग. प्रस्तावित कार्यमा संलग्न हुने प्रमुख जनशक्तिको वैयक्तिक विवरण ।

६. यस कार्यविधि वमोजिम पर्न आएका आशयदाताको योग्यता, अनुभव र क्षमता समेत मूल्यांकन गरी गाउँपालिकाले आशय पत्र दाताको छनौट गर्नुपर्नेछ । छनौटका आधारहरु देहाय वमोजिम हुनेछन्ः

क.आशयपत्रदाताले पेश गर्ने संस्थाको दर्ता, नवीकरण, करचुक्ता, कार्यानुभव पत्र, विगत तीन वर्षको लेखापरीक्षण प्रतिवेदन, नियमनकारी निकायको अनुमति पत्र (अनुमतिपत्र लिनुपर्नेको हकमा), आशयपत्रका साथ पेश गरेको हुनु पर्नेछ ।

ख. आशयपत्रमा उल्लेख गरिएको कार्यक्रमको विषयगत क्षेत्रमा कम्तिमा दुई वर्षको कार्य अनुभव भएको हुनुपर्नेछ ।

ग. साझेदारीको लागि आवश्यक वजेटको स्रोत खुलाएको वा व्यवस्था गर्नसक्ने प्रतिवद्धता पत्र पेश गरेको हुनु पर्नेछ ।

घ. आशयपत्र सहितको निवेदन अनुसूचि २ वमोजिमको ढाँचामा वुझाउनु पर्नेछ ।

७. प्रस्ताव माग गर्नेः दफा ४(४) वमोजिम संक्षिप्त सूची तयार भएपछि गाउँपालिकाले सो संक्षिप्त सूचीमा परेका आशयपत्रदाताहरुलाई प्रस्ताव सम्वन्धी कागजात अनुसूची ३ वमोजिम पठाई कम्तीमा

केदार प्रसाद खतिवडा
प्रमुख प्रशासकीय अधिकृत

विश्वलै तामाङ
अध्यक्ष

CamScanner

३० दिनको समय दिई निजहरुवाट प्रस्ताव माग गर्नु पर्नेछ । प्रस्ताव सम्वन्धी कागजातकमा देहायका कुराहरु उल्लेख गर्नुपर्नेछः

क. साझेदारी कार्यक्रमको प्रकृति, अनुमानित लागत, अवधि, स्थान, सम्पन्न गर्नुपर्ने कार्य र अपेक्षित परिणाम । निजी तथा गैर सरकारी क्षेत्रसँगको लागत साझेदारी हुने भएकाले अनुमानित लागत समेत उल्लेख गर्नुपर्नेछ ।

ख. अनुसूची ४ र ५ वमोजिमको ढाँचामा प्राविधिक र आर्थिक प्रस्ताव अलग अलग खाममा राखी सिलवन्दी गरी प्रत्येक खामको वाहिर कुन प्रकारको प्रस्ताव हो स्पष्टरुपमा उल्लेख गरी दुवै प्रस्तावलाई अर्को छुट्टै खाममा वन्दी गरी माग गरिएको साझेदारीको विषय उल्लेख गुर्नपर्नेछ,

ग. प्राविधिक तथा आर्थिक मूल्यांकन भार,

घ. प्रस्ताव पेश गर्नुपर्ने स्थान, मिति र समय,

ङ प्रस्ताव छनौट गुणस्तर तथा लागत विधिवाट छनौट गरिने,

च. तोकिए वमोजिमका अन्य कुरा ।

८. साझेदारी कार्यक्रमको लागि पेश गरिएका आशयपत्र तथा प्रस्तावहरुको मूल्यांकन गरी छनौटकोलागि सिफारिस गर्न देहायवमोजिमको साझेदारी कार्यक्रम प्रस्ताव छनौट समिति गठन गरिने छः–

क.प्रमुख प्रशासकीय अधिकृत–संयोजक

ख. लेखा अधिकृत–सदस्य

ग. पूर्वाधार शाखा इन्जिनियर- सदस्य

घ. लेखापाल- सदस्य

ङ. प्रशासन शाखा प्रमुख- सदस्य

केदार प्रसाद खतिवडा
प्रमुख प्रशासकीय अधिकृत

विश्वेन्द्र तामाङ
अध्यक्ष

च. सम्बन्धित विषय वा शाखाको प्रमुख– सदस्य

छ. गै.स.स समन्वय इकाई प्रमुख - सदस्य

ज. योजना शाखा प्रमुख– सदस्य सचिव

झ. विशेष आमन्त्रित सदस्य–पालिका अध्यक्ष -उपाध्यक्ष

९. कुल अंकभार एक सय मध्ये प्राविधिक प्रस्तावको अंकभार सत्तरी तथा आर्थिक प्रस्तावको अंकभार तीस हुनेछ । प्राविधिक र आर्थिक प्रस्तावको संयुक्त मूल्यांकन गरी सबैभन्दा बढी अंक प्राप्त गर्ने प्रस्तावदाताको प्रस्ताव छनौट गर्नु पर्नेछ ।

१०. प्राविधिक प्रस्ताव मूल्यांकन गर्ने आधारहरु र अङ्कभार देहाय बमोजिमका कुनै वा सबै आधार आवश्यकता अनुसार खुलाउनु पर्नेछः

क.साझेदारी कार्यक्रमसँग सम्बन्धित साझेदारको कार्यानुभव– कुल अङ्कको पच्चीस प्रतिशत सम्म

ख. कार्य सम्पादन गर्ने प्रस्तावित तरिका (मेथोडोलोजी) गुणस्तर– कुल अङ्कको बीस देखि पैंतीस प्रतिशत सम्म

ग. प्रस्तावित मुख्य जनशक्तिको योग्यता– कुल अङ्कको तीस देखि साठ्ठी प्रतिशत सम्म

घ. ज्ञान तथा प्रविधि हस्तान्तरण व्यवस्था– कुल अङ्कको दश प्रतिशत सम्म

११. उपदफा ९ बमोजिम अङ्कभार उल्लेख गर्दा उत्तीर्णाङ्क समेत उल्लेख गर्नुपर्नेछ ।

केदार ...
प्रमुख ...

वि... तामाङ
अध्यक्ष

CamScanner

परिच्छेद ४

कार्यक्रम संचालन तथा व्यवस्थापन

१२. साझेदारी कार्यक्रम संचालन, व्यवस्थापन, अनुगमन र सहजीकरणका लागि देहाय वमोजिमको कार्यक्रम अनुगमन तथा समन्वय समिति रहनेछः-

क) गाउँपालिका अध्यक्ष -संयोजक

ख) गाउँपालिकाको उपाध्यक्ष -सदस्य

ग) प्रमुख प्रशासकीय अधिकृत -सदस्य सचिव

घ) कार्यक्रम सञ्चालन हुने वडाहरुका वडा अध्यक्ष-सदस्य

ङ)साझेदारको प्रतिनिधि २ जना-सदस्य

च) योजना शाखा प्रमुख -सदस्य

छ) सम्वन्धित विषयगत शाखा प्रमुख-सदस्य

१३. कार्यक्रम अनुगमन तथा समन्वय समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछन्ः-

क) कार्यक्रम संचालनको विधि र रुपरेखा निर्धारण गर्ने ।

ख) कार्यक्रमको अनुगमन, मूल्यांकन र नियमित समीक्षा गर्ने ।

ग) कार्यक्रम मूल्यांकनको आधारमा साझेदारलाई सम्झौता अनुरुपको वजेटको चौमासिक भुक्तानीको लागि सिफारिस गर्ने ।

घ) कार्यक्रम संचालनको लागि आवश्यक व्यवस्थापकीय काम एवं समन्वय र सहजीकरण गर्ने ।

ङ) कार्यक्रमको कार्यान्वयन साझेदार वा तेश्रो पक्ष कसले गर्ने हो सोको निर्धारण गर्ने ।

च) साझेदारी कार्यक्रम संचालन सम्वन्धी अन्य आवश्यक निर्णयहरु गर्ने ।

केदार प्रसाद [illegible]
प्रमुख प्रशासकीय अधिकृत

विरबहादुर तामाङ
अध्यक्ष

CamScanner

१४. प्रस्तावना छनौट समितिको काम कर्तव्य र अधिकारः प्रस्तावना छनौट समितिले यस कार्यविधिमा उल्लेख गरिएको मापदण्डको आधारमा प्रस्तावना छनौट गरी कार्यपालिकामा पेश गर्नु पर्नेछ ।

१५. साझेदारीमा संचालित कार्यक्रमको कार्यान्वयन ढाँचा देहाय बमोजिमको हुनेछ -

क. कार्यक्रमले समेट्ने लाभग्राहीलाई समूहमा आवद्ध गराई संगठित रुपमा स्रोत व्यवस्थापन गर्न सकिनेछ ।

ख. कार्यक्रमको प्रारम्भिक चरणमा सेवा पाएका लाभग्राहीहरुले आफुले पाएको सेवा सुविधा बराबरको सामग्री अन्य लाभग्राहीहरुलाई प्रदान गर्नका लागि उप-समूहहरु बनाई अगाडि बढ्न सकिनेछ ।

ग. लाभग्राहीहरु आवद्ध विभिन्न तहका समूहहरुलाई वैधानिक रुपमा संस्थागत गरी सहकारीहरु स्थापना गर्न सकिनेछ ।

घ. साझेदारले कार्यक्रम कार्यान्वयनको क्रममा लाभग्राहीहरुलाई विभिन्न किसिमका औपचारिक तथा अनौपचारिक तालिम तथा अभिमूखिकरणहरुको व्यवस्था गर्न सक्नेछ ।

ङ. लाभग्राही समूहहरुले कार्यक्रम मार्फत अनुदान स्वरुप रकम तथा भौतिक सामग्री प्राप्त गर्न सक्नेछन् ।

च. कार्यक्रमको साझेदार छनौट भए पश्चात दुवै पक्ष विच आपसी छलफल गरी अनुगमन तथा समन्वय समितिको वैठकले आवश्यकता अनुसार विस्तृत योजना तथा बजेट निर्धारण गर्नेछ ।

छ. साझेदारीको न्यूनतम ३० प्रतिशत हिस्सा नगद वा साझेदारको मानव तथा भौतिक स्रोतको रुपमा (IN Kind) गणना गर्न सकिनेछ । नगद हिस्सा साझेदारले संचालन गर्ने वैंक खातामा जम्मा गरेर परिचालन गर्नुपर्नेछ । गाउँपालिकाको साझेदारी हिस्सा पनि सोही वैंक खाता मार्फत परिचालन गरिनेछ ।

केदार प्रसाद ...
प्रमुख प्रशासकीय अधिकृत

विरबहादुर तामाङ
अध्यक्ष

ज. गाउँपालिकाको साझेदारी हिस्साको बजेट चौमासिक रुपमा तीन किस्तामा कार्यक्रम अनुगमन तथा समन्वय समितिको सिफारिसमा साझेदारको बैंक खातामा पेश्की स्वरुप उपलब्ध गराइनेछ । जस अन्तगत पहिलो किस्ता कुल रकमको २५ प्रतिशत, दोस्रो किस्ता ५० प्रतिशत र तेस्रो किस्ता २५ प्रतिशत सम्म पेश्की प्रदान गर्न सकिनेछ । कुनै विशिष्ट कारणवश स्वीकृत किस्ता अन्तर्गतको रकम निकासा नभएमा गाउँपालिकाले आगामी किस्तामा थप गरी निकासा गर्न सक्नेछ । साझेदारीको समयावधी पहिलो आर्थिक वर्षमा ६ महिना भन्दा कम भएमा पेश्की एकै किस्तामा निकासा गर्न सकिनेछ ।

झ. गाउँपालिका तर्फको वजेट शिर्षकवाट खर्च गर्दा यस ऐन तथा कार्यविधिमा तोकिएमा सो वमोजिम र अन्यमा सार्वजनिक खरिद ऐन तथा नियमावलीको पालना गर्नुपर्नेछ ।

ञ.साझेदारी रकमको लेखांकनको सम्पूर्ण जिम्मेवारी साझेदारको हुनेछ ।

ट. तोकिएका क्रियाकलापहरू सम्पन्न भएपछि प्रगति प्रतिवेदन, विल, भरपाइका आधारमा पेश्की फरछ्यौट गरी आगामी चौमासिक बजेट निकासाका लागि साझेदारले पेश्की माग गर्नुपर्नेछ । साझेदारले आफ्नो तर्फको लागत खर्चको विल भपाईको एक प्रति समेत गाउँपालिकाको कार्यलयमा बुझाउनु पर्ने हुन्छ । चालू आर्थिक वर्षको विचमा वजेट संशोधन गर्न आवश्यक परेको खण्डमा अनुगमन तथा समन्वय समितिले वैठक वसी परिमार्जन वा संशोधन गर्न सक्नेछ ।

ठ. वहुवर्षीय कार्यक्रमको हकमा गाउँपालिकाको तर्फवाट विनियोजन हुने वजेट सोही आर्थिक वर्षमा खर्च नभएको खण्डमा बाँकी रकम आगामी आर्थिक वर्षमा समयोजन गरेर साझेदारले खर्च गर्न सक्नेछ ।

१६. अनुदान उपलव्ध गराउने हकमाः

पालिकाले स्वीकृत कार्यक्रम वमोजिम कार्यक्रमहरुको उद्धेश्य अनुरुप आवश्यकता निर्धारण गरी कार्यक्रम संचालित क्षेत्रका लाभग्राहीहरुको लागि अनुदान उपलव्ध गराउन सक्नेछ ।

क. अनुदानको रुपमा लाभग्राहीहरुलाई भौतिक सामाग्री वा रकम उपलव्ध गराउन सकिनेछ ।

केदार प्रसाद खतिवडा
प्रमुख प्रशासकीय अधिकृत

विश्वेल तामाङ
अध्यक्ष

CamScanner

ख. अनुदानको प्रकार र सीमा अनुगमन तथा मूल्यांकन समिति र साझेदारले निर्धारण गर्नेछन्
।

ग. अुनदानका लागि लाभग्राही छनौटः साझेदारी कार्ययोजनामा उल्लेख भए अनुसार भौतिक तथा नगद अनुदान प्रदान गर्नको लागि अनुगमन तथा मूल्यांकन समितिले पालिकासँग भएको तथ्यांकको आधारमा वास्तविक आवश्यकता पहिचान गरी लाभग्राही छनौट गर्नेछ ।

घ. अनुदान सामाग्री वितरण प्रक्रियाः

१. अनुदान प्रक्रियालाई पारदर्शी बनाउनको निम्ति लाभग्राहीहरुको समिति गठन गरी उक्त समितिबाट अनुदान वितरण गर्न सकिनेछ ।

२. भौतिक सामाग्री वितरण प्रक्रिया विषयगत शाखाका कर्मचारी वा वडा कार्यलयका प्रतिनिधिको रहोबरमा गरिनेछ ।

३. नगद अनुदान दिइने हकमा अनुदानग्राहीसँग भएको सम्झौता वा अनुदानको मापदण्डमा उल्लेख गरिए अनुसारको आफ्नो हिस्साको कार्य सम्पन्न गरे पछि साझेदारले अनुदान तर्फको रकम भुक्तानी गर्न सक्नेछ ।

४. भौतिक तथा नगद अनुदान दुवैको हकमा साझेदार संस्थाले सम्पूर्ण प्रक्रियाको अभिलेखिकरण राखुपर्नेछ ।

५. वितरण गर्नु पर्ने भौतिक सामाग्री विशेष प्रकृतिका भएका कारण सहज रुपमा उपलब्ध हुन नसकेको खण्डमा, धेरै संख्यामा गुणस्तरीय वस्तु उपलब्ध हुन नसकेमा तथा भू–परिभेषको भिन्नताको कारण एक स्थानबाट अर्को स्थानसम्म लैजान उपयुक्त नहुने वस्तुको हकमा तोकिएका प्राविधिक मापदण्ड पूरा गरी लाभग्राहीहरुको समिति गठन गरि वडा कार्यलयको रहोबरमा बहुल साना किसानहरुबाट सोझै खरिद तथा वितरण गर्न सकिने छ ।

परिच्छेद ५

सम्झौता, प्रतिवेदन, अनुगमन तथा मूल्यांकन

टंकार प्रसाद ... प्रमुख प्रशासकीय अधिकृत

बिरबती तामाङ
अध्यक्ष

१७. सम्झौता: साझेदारी कार्यक्रमको सम्झौता प्रस्तावना छनौट समितिको सिफारिसमा कार्यपालिकाको निर्णय वमोजिम ७ दिनभित्र प्रमुख प्रशासकीय अधिकृतले अनुसूची ६ वमोजिमको ढाँचामा गर्नु पर्नेछ ।

१८. प्रतिवेदन: साझेदारी कार्यक्रम कार्यान्वयनको प्रगति प्रतिवेदन देहाय वमोजिमको ढाँचामा हुनेछ:-

क) कार्यक्रमको प्रगति प्रतिवेदन अनुसूची ७ वमोजिमको ढाँचामा पेश गर्नुपर्नेछ ।

ख) साझेदारी कार्यक्रमको प्रकृति र आवश्यकता अनुसार चौमासिक र वार्षिक प्रगति प्रतिवेदन पेश गर्नु पर्नेछ ।

१९. अनुगमन तथा मूल्यांकन: कार्यक्रम अनुगमन तथा समन्वय समितिले चौमासिक रुपमा कार्यक्रमको अनुगमन तथा मूल्यांकन गर्नु पर्नेछ ।

परिच्छेद ६

विविध

२०. लेखापरीक्षण:

क.साझेदारी कार्यक्रमको अन्तिम लेखापरीक्षण आर्थिक वर्ष समाप्त भए पश्चात प्रचलित कानून वमोजिम गाउँपालिकाले गर्नु पर्नेछ ।

ख. साझेदारी कार्यक्रमको आन्तरिक लेखापरीक्षण प्रचलित कानुन वमोजिम गराउनुपर्नेछ ।

ग. साझेदारले आफ्नो तर्फको लागत खर्चको वार्षिक लेखा परीक्षण प्रत्येक आ.व.को समापनपछि नेपालको कानून वमोजिम लेखा परीक्षण गर्न योग्य लेखा व्यवसायीवाट गराउनु पर्नेछ । यस्तो लेखा परीक्षणको प्रतिवेदन र वित्तिय विवरणको एक प्रति साझेदारले पालिकामा वुझाउनु पर्नेछ ।

विमल तामाङ
अध्यक्ष

२१. समन्वयः साझेदारी कार्यक्रम व्यवस्थितरुपमा सञ्चालन गर्नको लागि सरोकारवाला नेपाल सरकारका निकाय, प्रदेश सरकारका निकाय र स्थानीय सरकारका निकायहरु बीच कार्यक्रम अनुगमन तथा समन्वय समितिले समन्वय गर्नु पर्नेछ ।

२२. खर्चमा बन्देजः साझेदार पक्षहरुले सम्झौतामा उल्लेखित शीर्षकहरुमा मात्र खर्च गर्नु पर्नेछ । एक शिर्षक बाट अर्कोमा रकमान्तरण गर्दा उक्त शिर्षकमा छुटयाइएको वार्षिक बजेटको १० प्रतिशत भन्दा माथिको रकमान्तरको हकमा अनुगमन तथा समन्वय समितिको पुर्व स्वीकृती लिई मात्र गर्नु पर्नेछ ।

२३. कसुर र सजायः क) साझेदारी कार्यक्रमको सम्झौता पश्चात योजना सम्पन्न नगरी छाड्न पाइने छैन । यदि बीचैमा छाडेमा छाड्ने पक्षले उक्त समय सम्मको कार्यजिम्मेवारी र आर्थिक दायित्व वहन गर्नु पर्नेछ ।

ख) कार्यक्रमको सम्झौता वमोजिम काम नगरेमा, समयमा काम पुरा नगरेमा वा गुणस्तरहीन काम गरेमा बाँकी किस्ता रोक्का गरीने छ । यस्तो निर्णय गर्नुपुर्व सम्वन्धित पक्षलाई सफाई पेश गर्न मौका प्रदान गर्नु पर्नेछ ।

२४. पारदर्शिताः साझेदारी कार्यक्रमको आम्दानी खर्च नियमित रुपमा सार्वजनिक गर्नु पर्नेछ । कार्यक्रम छनौट, अनुगमन तथा मूल्यांकन र कार्यान्वयन गर्दा जनसहभागितामूलक विधिको अवलम्बन गर्नु पर्नेछ ।

२५. उत्तरदायित्वः कार्यक्रम सञ्चालनको उत्तरदायित्व सबै साझेदारहरुले समान रुपमा वहन गर्नु पर्नेछ ।

केशर प्रसाद खतिवडा
प्रमुख प्रशासकीय अधिकृत

विरखेले तामाङ
अध्यक्ष

२६. संशोधन तथा हेरफेरः यस कार्यविधीको कार्यान्वयनलाई व्यवस्थित र प्रभावकारी बनाउन गाँउपालिकाले आवश्यकता अनुसार संशोधन तथा हेरफेर गर्न सक्नेछ ।

२७. बाधा अड्काउ फुकाउन र व्याख्या गर्न सक्नेः गाउँ कार्यपालिकाले यस कार्यविधिमा थपघट, हेरफेर, संशोधन, व्याख्या वा बाधा अड्काउ फुकाउन सक्नेछ ।

२८. प्रचलित कानून लागु हुनेः साझेदारी कार्यक्रम कार्यान्वयनको सम्बन्धमा यस कार्यविधीमा व्यवस्था भएकोमा सोही बमोजिम र अन्य व्यवस्थाका सम्बन्धमा प्रचलित कानून बमोजिम हुनेछ । यो कार्यविधी प्रचलित कानूनसँग बाझिएको हकमा प्रचलित कानून बमोजिम हुने छ । यस सन्दर्भमा द्विविधा उत्पन्न भएमा वा अस्पष्टता भएमा गाँउपालिकाको व्याख्या अन्तिम हुनेछ ।

केदार प्रसाद [illegible]
प्रमुख [illegible]

विश्वबलि तामाङ
अध्यक्ष

अनुसूची १

दफा ४(ख) संग सम्बन्धित

किस्पाङ गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

काहुले,नुवाकोट

वागमती प्रदेश नेपाल

२०७३

साझेदारीमा कार्यक्रम संचालन गर्न इच्छुक गैरसरकारी संघ संस्थाको लागि आशयपत्र आह्वानको ढाँचा

प्रथम पटक सूचना प्रकाशित मिति ....

किस्पाङ गाउँपालिकाले .... विषय क्षेत्रमा .... उद्देश्यले "साझेदारी कार्यक्रम सञ्चालन कार्यविधि २०८०" कार्यान्वयनमा ल्याएको छ । यसै कार्यविधिको अधिनमा रही आर्थिक वर्ष .... देखि शुरु हुने गरी वहुवर्षिय सालवसालीरुपमा .... विषयमा आधारित कार्यक्रम सञ्चालन गर्नका लागि आवश्यक योग्यता पुगेका इच्छुक निजी क्षेत्र÷गैरसरकारी क्षेत्रका व्यक्ति÷संस्थाहरुवाट यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र आशयपत्र पेश गर्न आह्वान गरिएको छ । यस सम्वन्धि विस्तृत विवरण गाउँको वेवसाइट बाट डाउनलोड गर्न वा गाउँपालिकाको कार्यालयबाट प्राप्त गर्न सकिन्छ । योग्यता नपुगेका र आवश्यक विवरणहरु र कागजात संलग्न नभएको प्रस्ताव उपर कारवाही गर्न गाउँपालिका जवाफदेही हुनेछैन ।

....

प्रमुख प्रशासकीय अधिकृत

विश्वल तामाङ
अध्यक्ष

CamScanner

अनुसूची २

दफा ५(घ) संग सम्वन्धित

किस्पाङ गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

काहुले,नुवाकोट

वागमती प्रदेश नेपाल

२०७३

साझेदारीमा कार्यक्रम संञ्चालन गर्न इच्छुक गैह सरकारी संघ संस्थाको लागि आशयपत्रको निवेदन को ढाँचा

मितिः ....

श्रीमान् अध्यक्ष ज्यू,

किस्पाङ गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय,

काहुले नुवाकोट ।

विषयः आशयपत्र पेश गरिएको सम्वन्धमा ।

महोदय,

उपरोक्त सम्वन्धमा किस्पाङ गाउँपालिका........... को स्वीकृत कार्यक्रम अनुसार .... उद्देश्यका लागि "................. साझेदारी कार्यक्रम" कार्यान्वयन गर्न यस .... संस्थाले आशयपत्र पेश गरेको जानकारी अनुरोध छ ।

निवेदक

केदार प्रसाद तिवाडी
प्रमुख प्रशासकीय अधिकृत

बिर... तामाङ
अध्यक्ष

संलग्न कागजातहरु

क. सम्बन्धित संस्थाको कागजातहरु

१. संस्थाको दर्ता, नवीकरण, करचुक्ता, विगत तीन वर्षको लेखापरीक्षण प्रतिवेदन, नियमनकारी निकायको अनुमति पत्र (अनुमतिपत्र लिनुपर्नेको हकमा)

२. स्थायी लेखा नम्बर

३. साझेदारीको लागि आवश्यक बजेटको स्रोत खुलाएको वा व्यवस्था गर्नसक्ने प्रतिबद्धता पत्र

४. संयुक्त उपक्रममा कार्यगर्ने संस्थाहरुको हकमा दुवै संस्था बीचको कार्य जिम्मेवारी खुल्ने सम्झौता पत्रको सक्कल १ प्रति

५. प्रस्तावना पेश गर्ने संस्थाको अख्तियार प्राप्त व्यक्तिको नागरिकताको प्रतिलिपी १ प्रति

६. संस्था कालो सूचीमा नपरेको स्वघोषणा पत्रको सक्कल १ प्रति

७. व्यक्ति, फर्म, कम्पनी तथा संघसंस्थाको विवरण, संगठन

८. विगत सात वर्षमा काम गरेको समान प्रकृतिको काम र स्थानको विवरण । व्यक्तिगत आशयपत्रदाताको हकमा विगत चार वर्षमा समपन्न गरेको समान प्रकृतिको कामको विवरण

९. प्रस्तावित कार्यमा संलग्न हुने प्रमुख जनशक्तिको वैयक्तिक विवरण ।

केदार प्र...
प्रमुख प्रशासकीय अधिकृत

विश्वर्ले तामाङ
अध्यक्ष

अनुसूची ३

दफा (६) संग सम्बन्धित

किस्पाङ गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

काहुले,नुवाकोट

बागमती प्रदेश नेपाल

२०७३

साझेदारीमा कार्यक्रम संचालन गर्न इच्छुक निजी क्षेत्र÷गैरसरकारी संघ संस्थाको लागि प्रस्ताव आहानको ढाँचा

प्रथम पटक सूचना प्रकाशित मिति ....

किस्पाङ गाउँपालिकाले .... विषय क्षेत्रमा .... उद्देश्यले "साझेदारी कार्यक्रम सञ्चालन ~~तथा व्यवस्थापन~~ कार्यविधि,२०८०" कार्यान्वयनमा ल्याएको छ । यसै कार्यविधिको अधिनमा रही आर्थिक वर्ष .... देखि शुरु हुने गरी बहुवर्षिय सालबसाली रुपमा .... विषयमा आधारित कार्यक्रम सञ्चालन गर्नका लागि आवश्यक योग्यता पुगेका इच्छुक गैह सरकारी क्षेत्रका संस्थाहरुबाट यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० (तीस) दिन भित्र प्राविधिक तथा आर्थिक प्रस्तावना पेश गर्न आह्वान गरिएको छ । यस कार्यक्रमको विस्तृत विवरण गाउँपालिकाकको वेवसाइट ....बाट डाउनलोड गर्न वा गाउँपालिकाको कार्यालयबाट प्राप्त गर्न सकिन्छ । योग्यता नपुगेका र आवश्यक विवरणहरु र कागजात संलग्न नभएको प्रस्ताव उपर कारवाही गर्न गाउँपालिका जवाफदेही हुनेछैन ।

केदार प्रसाद
प्रमुख प्रशासकीय अधिकृत

विरबल तामाङ
अध्यक्ष

CamScanner

अनुसूची ४

दफा ६(ख) संग सम्बन्धित

किस्पाङ गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

काहुले,नुवाकोट

बागमती प्रदेश नेपाल

२०७३

साझेदारीमा कार्यक्रम संचालन गर्न इच्छुक निजी क्षेत्र÷गैरसरकारी संघ संस्थाको लागि प्राविधिक प्रस्तावको ढाँचा

१. परियोजनाको नाम

२. पृष्ठभूमि (प्रस्तावनाको सारसंक्षेप, वर्तमान अवस्था, आवश्यकता र औचित्य)

३. प्रस्तावित कार्यक्षेत्र र लाभान्वित परिवार

४. परियोजनाको लक्ष्य र उद्देश्य

५. अपेक्षित उपलब्धी र प्रभाव (अल्पकालिन र दीर्घकालिन)

६. परियोजनाको कार्यान्वयन विधि

७. परियोजनाका क्रियाकलापहरु

८. परियोजनाको व्यवस्थापन

क) व्यवस्थापन संरचना

ख) संस्थागत सहकार्य

ग) परियोजनाको जनशक्ति र व्यवस्थापन संरचनाको चित्र

घ) मानवीय संशाधन परिचालन

ङ) परियोजनाको कार्ययोजना

९. प्रतिवेदन

१०. अनुगमन तथा मूल्यांकन

११. परियोजनाको पारदर्शिता

१२. परियोजनाको दिगोपना र हस्तान्तरण

केदार प्रसाद ... प्रमुख प्रशासकीय ... अधिकृत

विरेन्द्र तामाङ अध्यक्ष

अनुसूची ६

दफा (१७) संग सम्वन्धित

किस्पाङ गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

काहुले,नुवाकोट

वागमती प्रदेश नेपाल

२०७३

साझेदारी कार्यक्रम सम्झौताको ढाँचा

"................... साझेदारी कार्यक्रम" संचालनका लागि .... गाउँपालिका र .... संस्था विचको

साझेदारी सम्झौता पत्र

१. परिचयः

२. कार्यक्रमको नाम

३. सम्झौता अवधि

४. कार्यक्षेत्रः

५. प्रथम पक्षको जिम्मेवारी -

६. दोस्रो पक्षको जिम्मेवारी -

७. वजेट र वित्तीय कार्यविधि :-

७.१ परियोजनाको कुल वजेट -

७.१.१ परियोजनाको वजेटमा प्रथम र द्वितिय पक्षको लागत विवरण सम्वन्धमाः

केदार प्रसाद [illegible]
प्रमुख प्रशासकीय अधिकृत

वि[illegible]ल तामाङ
अध्यक्ष

CamScanner

७.१.२ बजेट रकमान्तर सम्बन्धमा -

७.१.३ परियोजनाको विस्तृत बजेट विवरणः

७.२ बजेट निकासा -

७.२.१ बैंक खाता सम्बन्धमाः

७.२.२ पेश्की सम्बन्धमाः

७.२.३ वार्षिक बजेट विनियोजन र निकासा सम्बन्धमाः

७.२.४ अग्रीम कर सम्बन्धमाः

७.२.५ विल भरपाई सम्बन्धमाः

७.२.६ विल जारी सम्बन्धमाः

७.२.७ परियोजनाको आर्थिक प्रगति प्रतिवेदन सम्बन्धमाः

७.२.८ पेश्की तालिका विवरणः

७.२.९ स्थानीय साझेदार सम्बन्धमाः

७.२.१० विस्तृत कार्यक्रम र बजेट सम्बन्धमाः

८. लेखा परीक्षण तथा प्रतिवेदन

९. अनुगमन तथा मूल्यांकनः

९.१ कार्यक्रम अनुगमन तथा समन्वय समितिले

८.२ गाँउपालिका स्तरीय अनुगमन तथा मूल्यांकन समितिले

१०. सम्झौताको संसोधन तथा खारेजी सम्बन्धि व्यवस्था

११. परियोजना हस्तान्तरण

केदार प्रसाद [illegible]
प्रमुख प्रशासकीय [illegible]

विरबिल तामाङ
अध्यक्ष

CamScanner

१२. विविध

माथि उल्लेखित शर्तका अधिनमा रहि मिति .... मा दुवै पक्षद्वारा हस्ताक्षर गरियो ।

प्रथम पक्षको तर्फ बाट

....

दोस्रो पक्षको तर्फ बाट

....

साक्षिहरु: ....

....

केदार प्रसाद खतिवडा
प्रमुख प्रशासकीय अधिकृत

विर[illegible] तामाङ
अध्यक्ष

CamScanner

अनुसूची ७

दफा १८(क) संग सम्बन्धित

किस्पाङ गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

काहुले,नुवाकोट

बागमती प्रदेश नेपाल

२०७३

साझेदारी कार्यक्रमको प्रगति प्रतिवेदनको ढाँचा

क) कार्यक्रमको पृष्ठभूमी

ख) लक्ष्य र उद्देश्य

ग) कार्यक्षेत्र

घ) कार्यान्वयन प्रक्रिया

ङ) सम्पन्न क्रियाकलाप

च) उपलब्धि (भौतिक तथा वित्तीय)

छ) सुधारात्मक पक्ष र सिकाइ

ज) समस्या तथा सवालहरु

झ) आगामी गतिविधि (संक्षिप्त कार्ययोजना सहित)

ञ) निष्कर्ष

केदार प्रसाद [illegible]
प्रमुख प्रशासकीय अधिकृत

विरमा तामाङ
अध्यक्ष

CamScanner